अन्नपूर्ण पोष्ट, बिहीबार, २३ भदौ २०६२ १

# देउरालीद्वारा थप औषधि उत्पादन

अन्नपूर्ण समाचारदाता

**काठमाडौं**, २२ भदौ : स्वदेशी औषधि उत्पादनमा प्रमुख हिस्सा ओगट्ने देउराली जनता फर्मास्युटिकल्सले दीर्घकालीन रोगहरूको उपचार गर्न सुस्वास्थ डिभिजनमार्फत थप नयाँ औषधिको उत्पादन सुरु गरेको छ।

कम्पनीले मुटु, नसा तथा सरुवा रोगलगायतका विभिन्न दीर्घकालीन रोगको उपचार गर्ने गुणस्तरीय औषधिहरू उत्पादन गरी बजारमा बिक्रीवितरणसमेत सुरु गरेको जानकारी दिएको छ। देउराली जनता फर्मास्युटिकल्सले विदेशी औषधिको आयात प्रतिस्थापन गरी उच्चगुणस्तीय औषधिहरू सर्वसुलभ रूपमा स्वदेशी बजारमा पुऱ्याउने प्रमुख लक्ष्यसहित 'सुस्वास्थ्य डिभिजन' मार्फत औषधि उत्पादन र बिक्रीवितरण प्रारम्भ गरेको बुधबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी दिइयो।

हाल कम्पनीले विभिन्न ८० प्रकारका औषधिहरू उत्पादन गरी बिक्रीवितरण गर्दै आएको छ। बंगलादेशको रेनाटा लिमिटेडसँग २०५२ सालमा प्रविधि हस्तान्तरण सम्झौता गरी सञ्चालन गरिएको उक्त कम्पनीले हाल अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय औषधिहरू उत्पादन र बिक्रीवितरण गर्दै आएको छ। उक्त कम्पनीले २०६० सालमा आईएसओ १४००१ र आईएसओ ९००१ को प्रमाणपत्रसमेत प्राप्त गरिसकेको छ।

कार्यक्रममा कम्पनीका कार्यकारी निर्देशक हरिभक्त शर्माले आगामी १० वर्षभित्र देउराली जनता फर्मास्युटिकल्सले औषधि उत्पादनका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्ने बताउनुभयो।